# अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड
# Upper Lohore Khola Hydropower Company Limited

रजिष्ट्रार कार्यालय : नक्साल, काठमाडौं, फोन नं. ०१-५९१७६७०
इमेल: upperlohore.hydro@gmail.com वेबसाइट: www.ulkhp.com

## साधारण शेयरको निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचना

अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु.५०,९८,०४,०००/- (अक्षरेपी पचास करोड अन्ठानब्बे लाख चार हजार मात्र) को ४९% अर्थात् २४,९८,०४० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरेकोछ । जस मध्ये स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु ५,०९,८०,४००/- (अक्षरेपी पाँच करोड नौ लाख असी हजार चार सय रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ५०९,८०४ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरी रितपुर्वक शेयर खरिद आवेदन प्राप्त २,०६,७६० कित्ता साधारण शेयर सम्बन्धित आवदेकलाई बाँडफाँड गरिएको र जारी पूँजी ३९% अर्थात १९,८८,२३६ कित्ता साधारण शेयरको १०% अर्थात रु.१,९८,८२,४००/- रकम बराबरको रु.१००/- अंकित दरका १,९८,८२४ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बाँडफाँड गरिएको । साथै, ३९,७६५ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको २%) कर्मचारीहरुलाई र ९९,४१२ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५%) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १९,५३,२७९ (स्थानीय बासिन्दाहरुबाट शेयर खरिद आवेदन नपरेको शेयर कित्ता सहित) कित्ता साधारण शेयरहरु मिति २०८० श्रावण १८ गतेदेखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८० श्रावण २२ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० श्रावण २२ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** **दरखास्त दिन पाउने अधिकतम कित्ता : २५,०००**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी (रु.) | (०.२९) | (०.७३) | (०.५९) | (०.२३) | ४.४९ | ५.७७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८.६९ | ९८.३० | ९७.८७ | ९८.८५ | १०३.३४ | १०९.११ |
| संचित नाफा-नोक्सान तथा जगेडा कोषहरु (रु.हजारमा) | (१,९३०) | (३,३९०) | (४,६७६) | (५,८६५) | १७,०३६ | ४६,४४१ |

| | | |
|---|---|---|
| विद्युत परियोजनाको नाम | : | माथिल्लो लोहोरे साना जलविद्युत आयोजना। |
| आयोजनाको कुल उत्पादन क्षमता | : | ४ मेगावाट । |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : | कम्पनीले प्रवर्धन गरिरहेको माथिल्लो लोहोरे साना जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction-(IDC) सहित प्रति मे.वा. रु. २३,६८,०४,२५०/- रहेको छ । |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | : | विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति २०७१/०२/२६ देखि २१०६/०२/२५ गतेसम्म रहेको भएता पनि विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७५/०९/१६ देखि २११०/०९/१५ गतेसम्म रहेकोले ३१ वर्ष बाँकी रहेको छ । |
| लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण | : | आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.२२ वर्ष र Discounted Pay Back Period १७.८४ वर्ष रहेको छ । |
| आयोजनाको कुल लागत विवरण | : | जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction - (IDC) सहित रु.९४,७२,१७,०००/- रहेको छ । |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि.बाट इस्यूर रेटिङ्ग गराई CARE-NP BB- (IS) (Double B -(Issuer) रेटिङ्ग प्राप्त गरेको छ। [CARE-NP BB- (Is) [Double B- (Issuer)] ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने बुझिन्छ। केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग CARE-NP AAA (Is) ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने सम्बन्धमा बलियो आधार रहेको जनाउँछ भने CARE-NP D (Is) ले कम्पनी वित्तीय दायित्व वहन गर्ने सम्बन्धमा कमजोर आधार रहेको जनाउँछ। रेटिङ्ग संकेतको पछाडी प्रयोग गरिने "+ " तथा "-" चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँछ। सो सम्बन्धी विस्तृत विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति: २०७९/०६/०४ बहाल रहने अवधि २०८०/०६/०३

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com